आज मिति २०८३/०३/१० गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को सत्रौ बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्काज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | विजय पौडेल | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १६. | कमान सिंह के.सी. | लेखा अधिकृत | |
| १७. | पुनाराम शर्मा | व. प्रशासकीय अधिकृत | |
| १८. | सुरेश पोख्रेल | सूचना प्रविधि अधिकृत | |

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

बैठक संख्याः १७
मितिः २०८३/०३/१०
ने.स.११४६ तछलाथ्व दशमी, बुधवार

मिति २०८३/०३/१० गतेको सत्रौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

| क्र सं | प्रस्तावको विषय | निर्ण य हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को सोहौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को सोहौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट वक्तव्य सम्वन्धमा । | • आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट माथि छलफल गरि स्वीकृतीका लागि सभामा पेश गर्ने । | |
| (३) | मल्लरानी गाउँपालकाको विनियोजन विधेयक २०८३ सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको विनियोजन विधेयक २०८३ स्वीकृत गरि सभामा पेश गर्ने । | |
| (४) | मल्लरानी गाउँपालकाको आर्थिक विधेयक २०८३ सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको आर्थिक विधेयक २०८३ स्वीकृत गरि सभामा पेश गर्ने । | |
| (५) | मल्लरानी गाउँपालिकाको लेखा समिति गठन र सञ्चालन सम्वन्धी कार्यविधि २०८३ र मल्लरानी गाउँपालिकाको वेरुजु फर्यौट कार्यविधि २०८३ सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको लेखा समिति गठन र सञ्चालन सम्वन्धी कार्यविधि २०८३ र मल्लरानी गाउँपालिकाको वेरुजु फर्यौट कार्यविधि २०८३ स्वीकृत गरि सभामा पेश गर्ने | |
| (६) | जनजाती सञ्जाल गठन र परिचालन कार्यविधि, २०८३ सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको जनजाती सञ्जाल गठन र परिचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने । | |
| (७) | आर्थिक सहयोग सम्वन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धी | |

निर्णयहरुः

(१) आ.व. ०८३/८४ को कार्यपालिकाको मिति २०८३/०३/०८ मा वसेको पन्ध्रौ कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झिँगा, प्युठान लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बैठक संख्या: १७
मितिः २०८३/०३/१०
ने.स.११४६ तछलाथ्व दशमी, बुधवार

२) मल्लरानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व.०८३/८४ को वजेट वक्तव्य गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

३) मल्लरानी गाउंपालिकाको विनियोजन विधेयक २०८३ स्वीकृत गर्ने र गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

४) मल्लरानी गाउँपालिकाको आर्थिक विधेयक २०८३ स्वीकृत गर्ने र गाउँसभाको १९ औं अधिवेशनको दोस्रो वैठकमा पेश गर्ने निर्णय गरियो ।

५) मल्लरानी गाउँपालिकाको लेखा समिति गठन र सञ्चालन सम्वन्धी कार्यविधि २०८३ र मल्लरानी गाउँपालिकाको बेरुजु फर्यौट कार्यविधि २०८३ स्वीकृत गरि गाउँसभाको १९ औं अधिवेशनको दोस्रो वैठकमा पेश गर्ने निर्णय गरियो ।

६) मल्लरानी गाउँपालिकाको जनजाती सञ्जाल गठन र परिचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

७) निम्न बमोजिमका व्यक्ति/संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- मल्लरानी गाउँपालिका वडा नं ३ निवासी वर्ष ६९ को भक्त बहादुर पुनको क्यान्सर उपचारको लागि रु १००००।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी शिवा खत्रीको घरको छाना हावाहुरीले क्षति पुर्याएकोले रु मर्मतको लागि ८०००।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी कुल वहादुर खत्रीको घरको छाना हावाहुरीले उडाएर घर क्षति पुगेकोले मर्मतको लागि रु ८०००।
- मल्लरानी गाउँपालिका वडा नं २ निवासी वर्ष ३७ को लाल कुमारी पुन, वर्ष ११ को सुधाना सुनार, वर्ष ४१ को माधवी सुनार र वर्ष ३९ को ईश्वरी भुषाल चट्याङमा परी घाइते भएकोले उपचारमा लागेको खर्च रु ५ हजार उपलब्ध गराउने निर्णय गरियो ।
- मल्लरानी गाउँपालिका वडा नं ३ निवासी गोमा खनाल विटालुको गोठको छाना हावाहुरीले उडाएर क्षति पुगेकोले मर्मतको लागि रु ४०००।
- मल्लरानी गाउँपालिका वडा नं ५ निवासी हस्त बहादुर सुनारको घरको छाना हावाहुरीले उडाएर घर क्षति पुगेकोले मर्मतको लागि रु ८०००।

प्रमुख प्रशासकीय अधिकृत